# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको मौद्रिक नीतिका विषयमा छलफल गर्न वाणिज्य बैंकका सञ्चालक समितिका अध्यक्षहरूसँग साउन १९ गते बैंकको सभाकक्षमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो ।

कार्यक्रममा आर्थिक वर्ष २०६७६८ का लागि तर्जुमा गरिएको मौद्रिक नीतिमा उल्लेखित वाणिज्य बैंकहरूसँग सम्बन्धित मुख्य मुख्य नीतिगत व्यवस्था बारे उल्लेख गर्दै गभर्नर डा. युवराज खतिवडाले केन्द्रीय बैंक देशमा आर्थिक स्थायित्व कायम गर्न धेरै हदसम्म सफल भएको कुरा बताउनुभयो ।



उहाँले देशको विद्यमान आर्थिक अवस्था र आर्थिक वृद्धि तथा विस्तारलाई मध्यनजर गर्दै हाललाई “क” वर्गको वाणिज्य बैंक खोल्ने प्रक्रिया स्थगित गरिएको बताउँदै बैंकिङ्ग सेवा नपुगेका ग्रामीण क्षेत्रमा वित्तीय सेवा विस्तार गर्न र शहरी क्षेत्रमा मात्र शाखा केन्द्रीत गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न बैंकहरूका नयाँ शाखा खोल्न केन्द्रीय बैंकको स्वीकृति लिनुपर्ने नीति अपनाइएको र यस व्यवस्थाले स्वयम् बैंकहरूलाई नै फाइदा पुग्न जाने कुराको स्पष्ट सङ्केत गर्नुभयो ।

सर्वसाधारणबाट सङ्कलन गरेको निक्षेप आफ्नै ठान्ने प्रवृत्ति बैंकहरूमा रहेको कुरा उल्लेख गर्दै उहाँले सबैभन्दा पहिले निक्षेपकर्ताको हित सुरक्षा, ऋणी तथा सेवाग्राहीले प्राप्त गर्ने सेवापछि मात्र शेयरधनीले सुविधा पाउने गरी बैंकहरूले कार्य गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

यसै गरी उहाँले बैंकहरूले कर्जा प्रवाह गर्दा ब्याजका अलावा विभिन्न शुल्क लिने गरेकोप्रति सर्वसाधारणको गुनासो आएको उल्लेख गर्दै यस्तो अदृश्य शुल्कलाई पारदर्शी बनाउन र कर्मचारी बिनियमावलीको पूर्ण परिपालना गर्न/गराउन सहभागी बैंक सञ्चालक समितिको ध्यानार्कषण गराउनुभयो ।

उत्पादनशील क्षेत्रमा लगानी बढाउन बैंकहरूले आफ्नो कर्जा कृषि, पर्यटन, जलविद्युत र साना तथा मझौला उद्योगमा प्रवाहित गर्न गभर्नर डा. खतिवडाले सुझाव दिनुभयो । कृषि एवं साना तथा मझौला उद्योगका लागि धेरै विद्युत् शक्ति पनि नचाहिने, श्रमिकको समस्या पनि कम हुने, बढी रोजगारी सृजना हुने र लगानीको प्रतिफल छिटो प्राप्त हुने हुदाँ यो क्षेत्रलाई प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो ।

अन्तरक्रियामा पूर्वगभर्नर तथा नबिल बैंकका अध्यक्ष श्री सत्येन्द्रप्यारा श्रेष्ठले नयाँ मौद्रिक नीति सन्तुलित रुपमा ल्याइएको चर्चा गर्दै यसमा आवश्यकता अनुसार पछि परिमार्जन गर्दै जानुपर्ने कुरा बताउनुभयो ।

कार्यक्रममा एनसीसी बैंकका अध्यक्ष डा. पृथ्वीराज लिगलले विगत ६ महिनाको अवधिमा वित्तीय क्षेत्रमा देखिएका तरलता सङ्कट लगायतका समस्या समाधान गर्न नेपाल राष्ट्र बैंकले जुन किसिमको उपाय अवलम्बन गऱ्यो त्यसको सकारात्मक परिणाम प्राप्त भएको वास्तविकता उजागर गर्नुभयो ।

नेपाल बैंक लिमिटेड, व्यवस्थापन समितिका संयोजक डा. पुष्पराज राजकर्णिकारले समितिका सदस्यहरूबीच यस्तो अन्तरक्रिया कार्यक्रम मात्र नभएर Financial Education/Literacy जस्ता कार्यक्रम नै सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

कार्यक्रममा सहभागी बैंकका अध्यक्षहरूले समसामयिक विषयमा राखेका जिज्ञासाको जवाफ गभर्नर डा. खतिवडाले दिनुभएको थियो ।



अन्तरक्रियामा डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझीलगायत २५ वाणिज्य बैंकका अध्यक्ष तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

गभर्नरको कार्यालय